# प्रेस विज्ञप्ति

मिति २०७५ साल माघ २६ गते शनिबारका दिन यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ८ स्थित जलपा पुस्तकालयका लागि बाल साहित्य तथा बाल कथामा आधरित विभिन्न पुस्तकहरु हस्तान्तरण गरियो । टोखा नगरपालिका वडा नं. ८ स्थित स्थानीय बाल बालिकाहरुका लागि ज्ञानबर्द्धक, बाल मनोरन्जन तथा बुद्धि विकासको उद्देश्यले स्थापित संस्थालाई टेवा पुऱ्याउनका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त पुस्तकहरु हस्तान्तरण गरिएको थियो । उक्त पुस्तकहरु संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री तोयराज अधिकारीले जलपा पुस्तकालयका अध्यक्ष श्री नर बहादुर वि.सी.ज्यूलाई एक कार्यक्रमका बिच हस्तान्तरण गर्नुभयो । उक्त समारोहमा फाइनान्स कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत लगायत अन्य पदाधिकारीहरुका साथै पुस्तकालयका पदाधिकारीहरुको समेत उपस्थित रहेको थियो ।